अनुसची - २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सगँ सम्बन्धित)

## कुमाख गाउँपालिका

## स्थानीय राजपत्र


खण्ड : संख्या : स्वीकृत मिति : २०८२/०२/२७ गते

प्रमाणिकरण मिति : २०८२/०२/२७ गते


भाग-२

कुमाख गाउँपालिका

# कुमाख गाउँपालिकाको बालविवाहमुक्त क्षेत्र घोषणा कार्यविधि, २०८२

कुमाख गाउँपालिकामा बालविवाहमुक्त अभियान सञ्चालन गरी बालविवाहमुक्त वडा तथा पालिका निर्माण गरी बालअधिकारको संरक्षण र प्रबर्धन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ऐनले दिएको अधिकार प्रयोग गरी कुमाख गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद - १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** यस कार्यविधिको नाम "कुमाख गाउँपालिकाको बालविवाहमुक्त क्षेत्र घोषणा कार्यविधि, २०८२" रहेको छ ।

२. यो कार्यविधि कुमाख गाउँ कार्यपालिकाको बैठकले स्वीकृत वा अनुमोदन गरेको मितिदेखि लाग हुनेछ ।

**३. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(क) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नगरेका व्यक्ति सम्झनु पर्छ ।

(ख) "कार्यविधि" भन्नाले कुमाख गाउँपालिकाको **"बालविवाहमुक्त क्षेत्र घोषणा कार्यविधि, २०८२"** सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले कुमाख गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(घ) "अध्यक्ष" भन्नाले कुमाख गाउँपालिकाको "अध्यक्ष" सम्झनु पर्छ ।

(ङ) "उपाध्यक्ष" भन्नाले कुमाख गाउँपालिकाको "उपाध्यक्ष" सम्झनु पर्छ

कुमाख गाउँपालिका

(च) "कार्यपालिका सदस्य" भन्नाले कुमाख  गाउँपालिकाको कार्यपालिका सदस्यलाई सम्झनु पर्छ ।
(छ ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कुमाख  गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।
(ज) "पीडित" भन्नाले बालविवाह भएका वा हुन सक्ने जोखिममा रहेका व्यक्ति सम्झनु पर्दछ ।
(झ) "समिति" भन्नाले यस कुमाख  गाउँपालिकाको कार्यविधि अनुसार गठन भएको समिति सम्झनु पर्छ ।
(ञ) "बालविवाह" भन्नाले नेपालको प्रचलित कानुन बमोजिम तोकिएको उमेरभन्दा अगाडि गरिने सबै किसिमका विवाहलाई सम्झनु पर्छ ।
(ट) "वडा अध्यक्ष" भन्नाले कुमाख गाउँपालिका अन्तगतका वडा अध्यक्षलाई सम्झनु पर्दछ ।
(ठ) "वडा सदस्य" भन्नाले कुमाख  गाउँपालिका अन्तर्गतका वडा समितिका वडा सदस्यहरुलाई सम्झनु पर्दछ ।
(ड) "सामाजिक संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएको गैर नाफामूलक संस्थालाई सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य गैरसरकारी संस्था समेतलाई जनाउँछ
(ढ) "निजी संस्था" भन्नाले कानून बमोजिम दर्ता भई स्थापना भएको नाफामूलक संस्थालाई सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य फर्म वा कम्पनी समेतलाई जनाउँछ ।
(ण) "रणनीति" भन्नाले कुमाख गाउँपालिका बाल विवाह मुक्त क्षेत्र घोषणा पश्चात त्यसलाई कायम राख्न लिने "बालविवाहमुक्त वडा तथा पालिका घोषणा दिगोपनाको रणनीति" सम्झनु पर्दछ ।

## परिच्छेद - २
## बालविवाहमुक्त गाउँपालिका र वडा घोषणा गर्दा अपनाइने प्रक्रिया

१. गाउँपालिका तहमा विभिन्न उमेर, लिङ्ग, जातजाति, वर्ग, धर्म, आस्था र समुदायका बालबालिका, किशोरकिशोरी, शिक्षक, स्थानीय बाल अधिकार समिति, वडा बाल अधिकार समिति, समाजसेवी, नागरिक समाज, धार्मिक अगुवा, जातीय अगुवा, प्रहरी, सेवा निवृत्त कर्मचारी, अभिभावकसँग बाल विवाहका विद्यमान कारणहरु र सोको समाधानका उपायहरुका बारेमा छलफल गरी गाउँपालिका स्तरीय बालविवाह अन्त्य सम्वन्धी कार्ययोजना निर्माण गर्ने ।
२. वडा तथा गाउँपालिकाको वार्षिकरुपमा जम्मा विवाहको तथ्यांक र त्यसमा पनि बालविवाहको अवस्थाको तथ्यांक संकलन तथा अध्यावधिक गर्ने ।
३. बालविवाहको तथ्यांकको आधारमा बालविवाह बढी हुने वस्ती, टोल, समुदाय तथा वडा केन्द्रित कार्यक्रम सञ्चालन गर्ने ।
४. गाउँपालिका तथा वडास्तरमा बालविवाहमुक्त क्षेत्र घोषणाका लागि स्थानीय सरोकारवालाहरु समावेश गरी सर्वपक्षीय प्रारम्भिक बैठक आयोजना गर्ने र विद्यालय केन्द्रित अभियान सञ्चालन गर्ने ।
५. बालविवाहविरुद्ध बालबालिकाहरुमा सचेतना अभिवृद्धि गर्न बाल अभियन्ताहरु तयार गरी बालबालिकाको नेतृत्वमा विभिन्न अभियान एवम क्रियाकलाप सञ्चालन गर्ने ।
६. पालिका/वडास्तरीय सरोकारवालाहरुबीचको बैठकमा बालविवाहमुक्त गाउँपालिका र वडा घोषणा गर्न आधारभूत सूचक माथि छलफल गर्ने
७. गाउँपालिका, वडा कार्यालय तथा सरोकारवाला संघ-संस्थाहरुबाट विनियोजित बजेटलाई मध्यनजर गरी गाउँ तथा वडास्तरीय बालअधिकार समितिमार्फत बालविवाहमुक्त वडा र गाउँपालिकाको लागि केन्द्रित कार्ययोजना निर्माण गरी विभिन्न वस्ती, टोल, विद्यालय तथा समुदायस्तरमा तालिम, घरदैलो,

कुमाख गाउँपालिका

हस्ताक्षर अभियान, र्‍याली, अभिमुखीकरण, सडक नाटक तथा अन्तक्रिया आदि जस्ता कार्यक्रम सञ्चालन गर्ने ।

८. गाउँपालिका तथा वडा बालअधिकार समिति, विभिन्न राजनैतिक दल, स्थानीय प्रहरी, स्थानीय संघ संस्था, बालक्लव, बालक्लब संजाल, किशोरी क्लब, युवा क्लब, विद्यालय, स्थानीय धामीझाँक्री, महिला समूह, सिलाईकर्मी, बाद्यवाधक, सिंगारकर्मी, सेवा निवृत्त कर्मचारी, संचारकर्मी, निगरानी समुह, आमा समुह, सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका धार्मिक गुरुहरु र स्थानीय राजनीतिक दलमार्फत घरदैलो अभियान एवं हस्ताक्षर संकलन अभियान सञ्चालन गर्ने ।

९. गाउँपालिकास्तरमा बालविवाहको अवस्था विषयक राजनैतिक दल, बालअधिकार समिति, बालक्लब, किशोरी क्लब, सेवा निवृत्त कर्मचारी, धार्मिक गुरु, धामीझाक्री, महिला सञ्जाललगायतका सरोकारवालाहरु बीच सार्वजनिक अन्तरक्रियात्मक संवाद एवम सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने ।

१०. गाउँपालिकालाई  बालविवाहमुक्त घोषणाका लागि स्थानीय बालअधिकार समितिको सिफारिसमा गाउँ कार्यपालिकाबाट निर्णय गर्ने र वडालाई बालविवाहमुक्त घोषणाका लागि वडास्तरीय बालअधिकार समितिको निर्णयानुसार स्थानीय बालअधिकार समितिको सिफारिसमा गाउँ कार्यपालिकाको बैठकबाट निर्णयानुसार बालविवाहमुक्त वडा/पालिका घोषणाका लागि मिति, स्थान तय गरी विभिन्न तयारी उपसमितिहरु निर्माण गर्ने ।

११.बालविवाहमुक्त गाउँपालिका घोषणाका लागि स्थानीय रेडियो, अनलाइन मिडिया र पत्रिकाहरुसगको समन्वय, सहयोग तथा साझेदारीमा प्रचार प्रसार गर्ने ।

१२.स्थानीय धार्मिक गुरु, जातीय अगुवा, धामीझाँक्री, पुरोहित, पण्डित, मौलाना, पाष्टर, लामा तथा ज्योतिषहरुमार्फत आजको दिनदेखि २० वर्षभन्दा मुनिका व्यक्तिहरुको विवाहको लगन नजुराउने तथा विवाह नगराउने प्रतिबद्धता गराउने ।

१३. गाउँपालिकाले स्थानीय प्रहरीसँग समन्वय गर्ने र बालविवाह नगराउनका लागि सामुदायिक जागरण तथा अन्तरक्रियाका साथै विभिन्न सचेतनामलक कार्यक्रम सञ्चालन गर्ने गराउने ।

१४. बालविवाहमुक्त वडा र गाउँपालिकालाइ घोषणा कार्यक्रमका लागि विभिन्न स्थानीय सांस्कृतिक झलक, स्थानीय पहिरन र बाजागाजाहरु तथा अन्य सचेतनामूलक विभिन्न कला प्रस्तुतीहरुको तयारी गराउने

१५. बालविवाहमुक्त वडा र गाउँपालिका घोषणा सभाको आयोजना गर्ने र बालविवाहमुक्त पालिका/वडामा सहयोग पुर्‍याउने व्यक्ति, संघ/संस्था तथा निकायहरुलाई सम्मान गर्ने ।

१६. बालविवाहमुक्त वडा घोषणाका लागि वडाको बालअधिकार समितिले तथा पालिकालाई बाल विवाह मुक्त घोषणाका लागि स्थानीय बालअधिकार समितिले नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

१७. गाउँपालिका तथा वडास्तरमा सञ्चालन भएका विभिन्न बालविवाहमुक्त अभियानहरुको प्रभावकारिता तथा असल सिकाइहरुको प्रचार प्रसार गर्ने ।

१८. बालविवाहमुक्त वडा तथा पालिका घोषणा भएपछि सर्वपक्षीय छलफलबाट बालविवाहमुक्त क्षेत्र घोषणाका सूचकहरुमा प्रगति कायम राख्न पालिका तथा वडा तहमा देहायअनुसारको एक अनुगमन संयन्त्र सहितको योजना निर्माण गर्ने ।

१९. बालविवाहमुक्त वडा तथा पालिका घोषणाका सूचकहरुको प्रगति लेखाजोखा गर्न गाउँपालिका तथा वडा तहमा देहाय बमोजिमको अनुगमन समिति रहने छ ।

**क) गाउँपालिका स्तरीय अनुगमन समिति**

१. संयोजक : गाउँपालिका अध्यक्ष

२. सदस्य : गाउँपालिका उपाध्यक्ष
३. सदस्य : स्थानीय बाल अधिकार समितिका प्रतिनिधि १ जना
४. सदस्य : शिक्षा शाखा प्रमुख
५. सदस्य : स्वास्थ्य शाखा प्रमुख
६. सदस्य : प्र.अ. गाउँपालिका अध्यक्षले तोकेको सामुदायिक विद्यालय मध्येबाट १ जना
७. सदस्य : गाउँपालिका स्तरीय बाल क्लव सञ्जालका अध्यक्ष वा संयोजक १ जना
८. सदस्य : नेपाल प्रहरी प्रमुख वा प्रतिनिधि १ जना
९. सदस्य : कार्यपालिका दलित महिला सदस्य १ जना
१०. सदस्य : वडा अध्यक्ष मध्ये १ जना
११. सदस्य सचिव : महिला बालबालिका तथा समाजकल्याण उपशाखा प्रमुख
कानुन व्यवसायी, सेवा निवृत कर्मचारी र बालबालिकाका क्षेत्रमा काम गर्ने संघ संस्थाका प्रतिनिधिलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

**ख) वडास्तरीय अनुगमन समिति**
१. संयोजक : वडा अध्यक्ष
२. सदस्य : नेपाल प्रहरी प्रतिनीधि १ जना
३. सदस्य : सा.विद्यालय प्र.अ. मध्ये १ जना
४. सदस्य : वडा स्वास्थ्य प्रमुख वा प्रतिनिधि १ जना
५. सदस्य : संयोजकले तोकेको सेवा निवृत कर्मचारी १ जना
६. सदस्य : वडा बालक्लवको अध्यक्ष
७. सदस्य : वडा सचिव
गाउँपालिका र वडास्तरीय अनुगमन समिति आफैले कार्यविधि निर्धारण गरी कार्य सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद - ३
## वडा र पालिकालाई बालविवाहमुक्त घोषणाका सूचकहरु

गाउँपालिकाका वडाहरु र गाउँपालिकालाई बालविवाहमुक्त क्षेत्र घोषणा गर्नका लागि देहायअनुसारका सूचकमा ९० प्रतिशतभन्दा बढी अंक हासिल गरेको हुनुपर्नेछ । बालविवाहमुक्त क्षेत्र घोषणा गर्नुअघि गाउँपालिका र सम्बन्धित वडाले सूचक प्राप्तिको सुनिश्चितताको लागि मूल्यांकनको प्रभावकारी व्यवस्था गर्नुपर्नेछ ।
१. वडा र पालिकामा विवाहका घटनाहरुको तथ्यांङ्क तथा अभिलेख चुस्तदुरुस्त राखेको हुनु पर्नेछ ।
२. गाउँपालिकामा बाल संरक्षण प्रणाली स्थापना भएको (बालसंरक्षण सम्बन्धी कार्यविधि स्वीकृत भइ कार्यान्वयन भएको, बालविवाह अन्त्यसम्बन्धी कार्य योजना तयार भएको बालकल्याण अधिकारीको व्यवस्था भएको, बालकोष स्थापना भएको ) हुनु पर्ने ।
३. सबै बालबालिकाहरुको अनिवार्य जन्मदर्ता गर्ने गरिएको हुनु पर्ने ।
४.वडास्तरीय र गाउँपालिकास्तरीय बालअधिकार समितिहरु गठन भई क्रियाशील भएको हुनु पर्ने ।
५.गाउँपालिकास्तरमा भएका समुदायमा आधारित संस्था/समिति/निगरानी समहहरु बालविवाह विरुद्ध सक्रिय एवम क्रियाशील भएका हुनु पर्ने ।
७. बालविवाहका घटनाहरुको उजुरी तथा सम्बोधन संयन्त्र वडा तथा गाउँपालिकास्तरमा निर्माण भई सञ्चालनमा आएको हुनु पर्ने ।

कमल गाउँपालिका

८. वाद्यवादक, पण्डित, पुरोहित तथा जातीय अगुवा आदिले बालविवाह गराउन छाडेको तथा बालविवाह विरुद्धको अभियानमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको हुनु पर्ने ।
९. बालविवाहको जन्ती/भोज/भतेर जस्ता कार्यहरुमा समुदायका व्यक्तिहरु सहभागी हुन छाडेको हुनु पर्ने ।
१०. घरदैलो अभियानमार्फत बस्ती तथा वडाका सबै बालबालिका, किशोरकिशोरी र अभिभावकहरुलाई बालविवाहका विषयमा सचेत गराई बालविवाह हुन नदिने र कदाचित भएमा कानुनी प्रक्रिया अवलम्बन गर्ने प्रतिबद्धता गराएको हुनु पर्ने ।
११. बालबालिका आफैले गरेको वा स्वेच्छिक विवाह समेतलाई आवश्यकता अनुसार मनोविमर्श सेवा दिई बालबालिकालाई आफनै अभिभावकको जिम्मा दिने वा आवश्यकता अनुसार आवधिक हेरचाह गृहमा राखी सेवा प्रदान गरेको हुनु पर्ने ।
१२. बालविवाहमुक्त वडा घोषणा गर्नको लागि वडाको वार्षिक तथ्याक अनुसार जम्मा विवाहमध्ये उमेर पुगी गरेको वा कानूनले स्वीकार गरेको विवाहको तथ्यांकमा ९० प्रतिशत वा सोभन्दा बढी पुगेको हुनु पर्ने । वा बालविवाहमुक्त घोषणाको अघिल्लो वर्ष कम्तिमा ८० प्रतिशत बालविवाहमा कमी आएको हुनु पर्ने ।
१३. गाउँपालिकालाई बालविवाहमुक्त घोषणा गर्नका लागि गाउँपालिकाका सबै वडाहरु बालविवाहमुक्त वडा घोषणा भएको हुनु पर्ने ।
१४. गाउँपालिका तथा वडामा अनिवार्य विवाह दर्ता गर्ने गरिएको हुनु पर्ने ।

## परिच्छेद - ४
## सरोकारवालाहरुको भूमिका

१. जन्म दर्तालाई बालबालिकाको नैसर्गिक अधिकारको रुपमा लिई १८ वर्ष मुनिका सम्पुर्ण बालबालिकाको जन्मदर्ता गर्न सबै सरोकारवालाहरुले सहयोग गर्ने ।
२. बालविवाहका घटनाको न्यायिक प्रक्रियामा हुने हस्तक्षेपलाई पूर्णरुपमा रोक्नका लागि सबै सराकारवालाहरु प्रतिवद्ध भई सहयोग गर्ने ।
३. विद्यालय, समुदाय एवम सम्पूर्ण सार्वजनिक स्थलमा बालसंरक्षण सम्बन्धी संयन्त्र मार्फत आचार संहिता निर्माण गरी पूर्णरुपमा लागु गर्ने ।
४. बालविवाह विरुद्धको अभियानमा सबै पक्षले स्थानीय बालअधिकार समिति तथा वडा बालअधिकार समितिसग आवश्यक सहयोग र सहकार्य गरी बालविवाह निषेध गर्न सहयोग गर्ने ।
५. सबै सरकारी तथा गैरसरकारी संघ/संस्थाहरुले आ-आफनो क्षेत्रमा सञ्चालन गरिने कार्यक्रममा बालविवाह विरुद्धको अभियानमा सहयोग पुग्ने क्रियाकलाप समावेश गरी सञ्चालन गर्ने ।
६. बालविवाह सम्बन्धी घटनाको स्थलगत अनुगमनपछि प्रतिवेदन तयार गरी स्थानीय/वडा बालअधिकार समिति मार्फत कारवाहीका लागि सिफारिस गर्ने ।
७. स्थानीय बालअधिकार समितिको अगुवाइमा बालविवाह सम्बन्धी गाउँपालिकास्तरीय कार्य योजना निर्माण गरी लागू गर्ने ।
८. बालविवाहमुक्त वडा र गाउँपालिका घोषणा पश्चात पनि समुदायस्तरमा नियमित कार्यक्रमहरु सञ्चालन गर्ने ।

## परिच्छेद - ५
## बालविवाहमुक्त वडा तथा गाउँपालिका घोषणा दिगोपनाको रणनीति

१. बालविवाहमुक्त वडा तथा गाउँपालिका घोषणा पश्चात वडा तथा गाउँपालिकास्तरीय बालअधिकार

समितिको नेतृत्वमा सबै सरोकारवालाहरु र बालबालिकाहरु सहितको उपस्थितिमा प्रतिवद्धतालाई निरन्तरता दिदैं उपलब्धि कायम राख्न वार्षिक कार्ययोजना निर्माण गरिएको हुनुपर्ने ।
२. बालविवाहमुक्त वडाका सूचकहरुको प्रगति कायम राख्न तथा वार्षिक कार्ययोजना कार्यान्वयनका लागि वडा कार्यालय तथा गाउँपालिकाले आवश्यक बजेट विनियोजन गरी कार्यान्वयनमा ल्याएको हुनुपर्ने ।
३. प्रत्येक बालबालिकाहरुको जन्मदर्ता सुनिश्चित गर्ने संयन्त्र स्थापना गरी कार्यक्रम सञ्चालनमा ल्याएको हुनुपर्ने ।
४.बालविवाहका घटनाको उजुरी र घटनाको सम्बोधन संयन्त्र वडा तथा गाउँपालिकास्तरमा प्रभावकारी रुपमा सञ्चालनमा आएको हुनुपर्ने ।
५. गाउँपालिका तथा वडास्तरमा अर्धवार्षिक रुपमा बालविवाहको अवस्थाका प्रतिवेदन बारेमा सरोकारवालाहरुसग छलफल एवम समीक्षा हुनुपर्ने ।
६. प्रगतिको अनुगमन गर्ने तथा बाल विवाहमुक्त क्षेत्रको होडिङ्ग बोर्ड आवश्यक क्षेत्रमा राखेको हुनुपर्ने ।

**परिच्छेद - ६**
**विविध**

१. यस कार्यविधिमा लेखिएको कुरामा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।
२. बाधा अडकाउ फुकाउने अधिकार : यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।
३. संशोधन :यस कार्यविधिमा आवश्यकता अनुसार कुमाख गाउँ कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**आज्ञाले,**
**दिलिप कुमार सोनी**
**प्रमुख प्रशासकीय अधिकृत**

कुमाख गाउँपालिका